# सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग, पुल्चोक ललितपुर

## प्रेस विज्ञप्ति

(अभियोग पत्र दायर भएको)

प्रकाशित मिति:-२०८१/८/०५

झापा जिल्ला,दमक नगरपालिका वडा नं.७ बस्ने पिन्टु कुमार शाहले सट्टावाजीको सम्बद्ध कसुर गरी सो कसुरबाट आर्जित सम्पत्ति शुद्धीकरण गरेको हुन सक्ने भन्ने व्यहोराको यस विभागमा दर्ता हुन आएको उजुरी/सूचना उपर सम्पत्ति शुद्धीकरणको कसुरमा जाँचबुझ/अनुसन्धान हुँदा प्रतिवादी पिन्टु कुमार शाहले गैरकानुनी रुपमा सट्टावाजीको कसुर गरी सो कसुरबाट प्राप्त सम्पत्तिको कारोवार, सही प्रकृति, स्रोत, स्थान, निःसर्ग, स्वामित्व वा सो सम्पत्ति उपरको अधिकार लुकाउने, छल्ने, बदल्ने, प्राप्ति, धारण वा प्रयोग गर्ने, कसुरबाट प्राप्त सम्पत्ति हो भन्ने थाहा पाउँदा पाउदै सो सम्पत्तिबाट शेयर र जग्गा खरीद गरी सो सम्पत्तिको वैधानिकता स्थापित गर्ने समेतका कसुरजन्य कार्यहरु तत्काल/ प्रचलित सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन, २०६४ को दफा ३ को उपदफा (१) को देहाय (क)(ख)(ग) ले निषेधित कार्यहरु गरेको पुष्टि भई सम्पत्ति शुद्धीकरणको कसुर गरेको तथ्य पुष्टि हुन आएको देखिँदा प्रतिवादी पिन्टुकुमार शाहलाई वीगो रु. २०,८४,९८,३७८।४ (वीस करोड चौरासी लाख अन्ठानब्बे हजार तीन सय अठहत्तर रुपैया पैसा चालिस मात्र) कायम गरी ऐ. ऐन (संशोधन, २०८० समेत) को दफा ३० को उपदफा (१) बमोजिम सजाय हुन र निजका नाउँमा रहेको शेयरको मुल्य बराबरको रकम रु. ५४,३१,१४०।९ (चवन्न लाख एकतीस लाख एकतीस हजार एक सय चालिस रुपैया पैसा नब्बे मात्र) सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरिङ) निवारण ऐन, २०६४ (तत्काल प्रचलित समेत) को दफा ३४ को उपदफा (१) बमोजिम जफतको मागदावी लिई जिल्ला सरकारी वकील कार्यालय काठमाडौँले सम्मानित काठमाडौँ जिल्ला अदालतमा अभियोग पत्र दायर गरेको छ ।

(प्रवक्ता)

८।०५